Collaborative Curriculum
and Assessment Framework
for Languages

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

Write your **student number** in the boxes above. **Letter**

# 2025 Nepali Examination

## Continuers Level

**Date:** Thursday 16 October 2025, 2 pm Australian Eastern Daylight Time

- Reading time: **10 minutes**
- Working time: **2 hours**
- Total marks: **65**

### Approved materials

- Black or blue pens
- Monolingual and/or bilingual printed dictionaries

### Materials supplied

- Question-and-answer booklet

### Instructions

- You may consult your dictionaries during reading time and also during the examination.
- Write all your answers in the spaces provided in this booklet. The spaces provided give you an idea of how much you should write.
- You **must not** write during reading time.

### Contents

page


**Section 1** – Responding to texts

- **Question 1** (7 marks) ........ 2
- **Question 2** (8 marks) ........ 3
- **Question 3** (15 marks) ........ 4

**Section 2** – Creating texts

- **Question 4** (15 marks) ........ 8
- **Questions 5 and 6** (20 marks) ........ 12


© SACE Board of South Australia 2025

SACE BOARD SOUTH AUSTRALIA

Government of South Australia

## **Section 1** – Responding to texts (30 marks)

Allow approximately 50 minutes for Section 1.

**Question 1** – Listening in Nepali and responding in English (7 marks)

### Instructions

- Text 1 will be played twice. There will be a short break between each playing.
- You may write notes at any time in the space provided. These notes will not be assessed.
- Listen carefully to the text and then answer the questions in **ENGLISH**.
- Responses in languages other than English will not be assessed.
- All responses **must** be based on the text.

---

**Your responses will be assessed on how well you:**

- analyse general and specific relevant information, ideas, opinions, perspectives and/or aspects of texts to convey meaning.

---

**Question 1** **Marks**

Write your notes here. Notes will **not** be assessed.

**a.** What can you infer about Sajani's personality from the text? **4**

Support your answer with evidence from the text.

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

**b.** How do you know that Sajani left a legacy in Nepal? **3**

Support your answer with evidence from the text.

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

## **Question 2** – Listening and responding in Nepali (8 marks)

### Instructions

- Text 2 will be played twice. There will be a short break between each playing.
- You may write notes at any time in the space provided. These notes will not be assessed.
- Listen carefully to the text and then answer the questions in **NEPALI**.
- Responses in languages other than Nepali will not be assessed.
- All responses **must** be based on the text.

---

**Your responses will be assessed on how well you:**

- analyse general and specific relevant information, ideas, opinions and/or perspectives to convey meaning.

---

**Question 2** **Marks**

Write your notes here. Notes will **not** be assessed.

**a.** How does Dr Suman convey the seriousness of the global issue discussed? Support your answer with evidence from the text. **4**

डा. सुमनले छलफल गरिएको विश्वव्यापी मुद्दाको गम्भीरतालाई कसरी व्यक्त गर्नु भएको छ? पाठमा आधारित प्रमाणहरू प्रयोग गरेर आफ्नो उत्तरलाई समर्थन गर्नुहोस्।

**b.** How does the podcast encourage people to take action to protect water? Support your answer with evidence from the text. **4**

यस पोडकाष्टले मानिसहरूलाई पानी जोगाउनका लागि कदम चाल्न कसरी प्रोत्साहित गर्छ? पाठमा आधारित प्रमाणहरू प्रयोग गरेर आफ्नो उत्तरलाई समर्थन गर्नुहोस्।

**Question 3** – Reading and listening in Nepali, responding in English (15 marks)

**Instructions**

- This question consists of a reading text, Text 3A, and a related listening text, Text 3B.
- You have 5 minutes to read Text 3A. At the end of the 5 minutes, Text 3B will be played. The text will be played twice. There will be a short break between each playing.
- You may write notes at any time in the space provided. These notes will not be assessed.
- Answer the questions in **ENGLISH**.
- Responses in languages other than English will not be assessed.
- All responses **must** be based on the text(s).

---

**Your responses will be assessed on how well you:**

- analyse general and specific relevant information, ideas, opinions, perspectives and/or aspects of texts to convey meaning
- synthesise relevant information, ideas, opinions and/or perspectives from different texts.

---

## Text 3A

प्रस्तुत गर्दैछौं @Drishti.com!

के तपाईं अझै आफ्नो र आफ्ना साथीहरूका आकर्षक, महँगा ब्रान्ड लगाएका तस्बिरहरू पोष्ट गर्दै हुनुहुन्छ? यदि गर्दै हुनुहुन्छ भने, तपाईं पछाडि पर्दै हुनुहुन्छ। पछिल्लो प्रवृत्ति यसको ठ्याक्कै विपरीत छ। बढ्दो रूपमा, हामी युवाहरू देख्दैछौ जसले उनीहरूको आफ्नो वास्तविक पहिचान झल्काउँने तरिकाले पैसा खर्च गर्छन्। हिजो-आज यस्तै खाल्का पोष्टहरू गरिरहेका छन्। यो वास्तवमा उनिहरूलाई महत्त्वपूर्ण कुराहरूमा लगानी गर्ने बारेको हो: जस्तै, सिकाई, व्यक्तिगत विकास, कल्याण र उत्पादनको गुणस्तर।

डिजाइन गरिएकालुगा वा नयाँ उपकरणहरू देखाउनुको सट्टा, उनीहरू सामाजिक सञ्जालमा अर्थपूर्ण कुराहरूका बारेमा प्रदर्शन गरिरहेका छन्—जस्तै नयाँ सीपहरू विकास गर्ने, दिगो फेसन छनौट गर्ने रआत्म-सुधारलाई प्राथमिकता दिने। उनीहरू सोधिरहेका छन् : के यसले मेरो विकासमा मद्दत गर्छ? के यो टिक्नेछ? के यसले मेरा मूल्यमान्यताहरू प्रतिबिम्बित गर्छ?

यो परिवर्तन एउटा कारणले भइरहेको छ। मानिसहरू अधिक उपभोगको प्रभावको बारेमा बढी सचेत हुँदैछन् र महँगा ब्रान्ड लगाएका पोष्टहरू देखाउने भन्दा पनि देखावटी गरेको जस्तो देखिन थालेका छन्। पछि नपर्नुहोस् । तपाईंको आफ्नो सामाजिक सञ्जाल सक्रियताले केही वास्तविक, केही अर्थपूर्ण कुरा भनोस् भन्ने चाहनुहोस्।

Drishti.com मा हामी तपाईंहरूको रणनीतिक विकास र सामाजिक सञ्जालको सक्रियतामा सुधार गर्न र तपाईंका फलोअरहरू बढाउन अनि अझ प्रभावकारी बनाउन मद्दत गर्छौं। चाहे त्यो दिगो शैली होस्, चनाखो सिकाइ साधनहरू होस्, वा अन्य धेरै साधनहरू जसले तपाईंको व्यक्तिगत लक्ष्यहरूलाई सहयोग गर्दछ। जस्तै पर्यावर्णमैत्री बनाउने र हामी तपाईंलाई राम्रो महसुस गराउने, राम्रो गर्ने र तपाईंको उत्कृष्ट स्वरूपलाई प्रतिबिम्बित गर्ने छनौटहरू गर्न र मद्दत गर्न हामी यहाँ सदैव उपस्थित छौं।

किनभने वास्तविक शैली देखाउन चिच्याउनु पर्दैन।

यो तपाईंको बाँच्ने, विकास र छनौट गर्ने तरिकाबाटै देखिन्छ।

सादा शैली नै अहिलेको नयाँ आकर्षण हो। चनाखो छनौट गर्नुहोस्। Drishti.com छनौट गर्नुहोस्।

**Question 3** **Marks**

Write your notes here. Notes will **not** be assessed.

**Text 3A**

**a.** How does the service advertised in Text 3A appeal to people who want to improve their social media presence? **4**

Support your answer with *four* examples from the text.

**Text 3B**

**b.** What is the relationship between Maya and Aarav? **2**

Support your answer with *two* examples from the text.

**c.** How do Maya and Aarav show both sides of the argument? **3**

Support your answer with *three* examples from the text.

**Question 3** continues on the next page.

**Texts 3A and 3B** **Marks**

Write your notes here. Notes will **not** be assessed.

**d.** To what extent does the service that @Drishti.com provides align with Maya and Aarav's values? **6**

Support your answer with evidence from both texts.

**End of Section 1**

**This page is blank.**

## **Section 2** – Creating texts (35 marks)

Allow approximately 70 minutes for Section 2.

**Question 4** – Reading and responding in Nepali (15 marks)

### Instructions

- Read Text 4 and write a response of approximately 150 words in **NEPALI**.
- Question 4 is phrased in both English and Nepali.
- Responses in languages other than Nepali will not be assessed.

---

**Your response will be assessed on how well you:**

- analyse relevant information, ideas, opinions and/or perspectives from the stimulus text(s)
- respond to the question appropriately for the context, purpose and audience
- use appropriate language structures and vocabulary accurately.

---

### Text 4

पछिल्लो तर उत्कृष्ट छैन

शक्तिशाली कहानी मार्फत नेपाली पहिचान मनाउन परिचित सम्मानित निर्देशक मिलन कार्कीद्वारा निर्मित पछिल्लो चलचित्र, रमणीय शहर पोखरामा छायांकन गरिएको छ। तर दुःखको कुरा, यो चलचित्रले उनको महान विरासतमा अर्थपूर्ण योगदान थप्न सकेन।

कथाले -रितेश र ताराले अभिनय गरेका पात्रहरू आशिर र निमालाई पछ्याउँछ – जुन बेला उनीहरू द्रुत गतिमा परिवर्तनशील संसारमा सफलताको पछि लागिरहेका हुन्छन्। चलचित्रमा नेपालको समृद्ध परम्परा र मूल्यमान्यताहरू प्रदर्शन गर्ने उत्कृष्ट परिवेश थियो। तर यसको सट्टा यसले विदेशी चलचित्रहरूबाट उतारेको जीवनशैली र अनादरपूर्ण र स्वार्थी पात्रहरूमा केन्द्रित गरेको देखिन्छ।

संवादमा नेपाली भाषालाई अंग्रेजी वाक्यांशहरूसँग मिसाइएको छ जुन स्वाभाविक सुनिदैन। यस्तो लाग्छ कि यस चलचित्रले नेपाली जीवनशैलीमा पाइने शक्ति, सौन्दर्य र गौरवलाई बिर्सेर आधुनिक बन्ने अथक प्रयास गरेको छ।

केही मन छुने क्षणहरू छन् - खासगरी आशिरका हजुरबुबासँगको दृश्यहरू, जुन दिनेशले अभिनय गरेका छन् - तर ती निकै कम छन्। यो चलचित्रद्वारा नेपालको संस्कृति र कार्कीको विरासतलाई सम्मान गर्ने मौका थियो, तर यसको सट्टा, यो गुमेको अवसर जस्तो लागेको छ।

You may make notes in this space. These notes will **not** be assessed.

**Question 4** continues on the next page.

**Question 4** (15 marks)

You have watched the film discussed in this review. You had a different opinion on the film. Write a letter to the author of the review sharing your thoughts.

तपाईंले यस समीक्षामा छलफल गरिएको चलचित्र हेर्नु भएको छ। चलचित्रको बारेमा तपाईंको फरक धारणा रहेकोछ। आफ्नो धारणा प्रस्तुत गर्दै समीक्षकलाई पत्र लेख्नुहोस्।

## **Questions 5 and 6** – Writing in Nepali (20 marks)

## Instructions

- Question 5 and Question 6 are written in English and Nepali.
- Choose **one** question, either Question 5 **or** Question 6.
- Write a response of approximately 250 words in **NEPALI**.
- Responses in languages other than Nepali will not be assessed.

---

**Your response will be assessed on how well you:**

- create text appropriate for the context, purpose and audience
- demonstrate depth of treatment of information, ideas, opinions or perspectives
- sequence information, ideas, opinions or perspectives cohesively
- use a range of appropriate language structures and vocabulary
- use vocabulary and language structures accurately.

---

**Question 5** (20 marks)

You have been invited to write an article for a Nepali community newsletter in which you share your personal views and experiences of what it means to be Australian in a multicultural society.

तपाईंलाई नेपाली समुदायको एक समाचारपत्रको लागि लेख लेख्न आमन्त्रित गरिएको छ जसमा तपाईंले बहुसांस्कृतिक समाजमा अष्ट्रेलियाली हुनुको अर्थ के हो भन्ने बारेमा आफ्नो व्यक्तिगत विचार र अनुभवहरू साझा गर्नुहुनेछ।

**OR**

**Question 6** (20 marks)

You wake up one day and are surprised to discover it is the year 2075. Based on the picture below, write a diary entry describing how innovations have changed life.

तपाईं एक दिन ब्यूँझनुहुन्छ र अहिले सन् २०७५ साल हो भनेर थाहा पाउँदा चकित पर्नुहुन्छ। तलको चित्रको आधारमा, नवप्रवर्तनहरूले जीवनलाई कसरी परिवर्तन गरेको छ भनेर वर्णन गर्दै डायरी प्रविष्टि लेख्नुहोस्।




Source: adapted from © Tarikdiz | Shutterstock.com

You may make notes in this space. These notes will **not** be assessed.

Select either Question 5 **or** Question 6 by placing a tick (✓) in one of the boxes below.

Question 5 ☐ Question 6 ☐

**End of examination questions**

**Extra space for responses**

Clearly **number** all responses in this space.

© SACE Board of South Australia 2025

NEPALI (CONTINUERS) EXAMINATION 2025

SECTION 1 – RESPONDING TO TEXTS

Text 1

नमस्कार तथा सबैलाई स्वागतम्,

सिकाईमा समर्पित तथा सबैका लागि अवसरहरू उपलब्ध गर्नका लागि स्थापित यस सजनी सामुदायिक पुस्तकालयको सञ्चालनको यो विशेष दिनमा हामीसँग सामेल हुनुभएकोमा धन्यवाद।

सजनीले १८०० को दशकको अन्त्यतिर जीवन बिताएकी थिइन् जुनबेला शिक्षा पाउनु एक विशेष अवसर थियो, अधिकार होइन - त्यो यस्तो समय थियो जुनबेला परिवर्तनको लागि बोल्न निरुत्साहित गरिन्थ्यो। तैपनि, उनले सबैका लागि वाक स्वतन्त्रता, न्याय र समानताको लागि लडेकी थिइन्, चाहे उनीहरूको पृष्ठभूमि जस्तोसुकै होस्।

उनी कुनै राजनीतिज्ञ थिइनन् र परम्परागत अर्थमा उनीसँग शक्ति थिएन। उनी एक शिक्षिका, एक लेखक र एक शान्त नेता थिइन्। सजनीसँग कम श्रोतहरू थिए तर उनले अरूलाई सहयोग गर्न आफूसँग भएका सबै कुरा प्रयोग गरिन्। कठिन समयमा पनि उनले सिकाउने तरिकाहरू फेला पारिन्। चाहे त्यो रूखमुनि होस्, वा भान्सामा मैनबत्ती बालेर, उनी कुनै पनि ठाउँलाई कक्षाकोठामा परिणत गर्थिन्।

सजनी विश्वास गर्थिन् कि लोकतन्त्र र शिक्षा मानिसहरूलाई उत्थान गर्ने उत्तम तरिका हो। उनका भाषण र पुस्तकहरूले धेरै नेपालीहरूलाई प्रेरित गरे र उनीहरूलाई आफ्नो मानव अधिकार र स्वतन्त्रताको लागि लड्नुको मूल्य बुझ्न मद्दत गरे।

आज पनि उनको विचारले नेपालको राजनीति, शिक्षा र सामाजिक आन्दोलनहरूलाई प्रभाव पारिरहेको छ। धेरै विद्यालय र सामुदायिक सेवाहरूले उनको नाम लिने गरेका छन्।

यो पुस्तकालय उनको दृष्टिकोण प्रतिको एक सम्मान हो – यो स्मरण गराउन कि एउटा व्यक्तिले धेरैको जीवनमा परिवर्तनहरू ल्याउन सक्छ।

धन्यवाद।

Text 2

**सञ्चालक (रीना):** '*वाटर भ्वाइसेज*'मा स्वागत छ!हामी आज,  सबैलाई असर गर्ने विश्वव्यापी मुद्दा- पानीको बारेमा कुरा गर्दैछौं। हामीसँग साथमा हुनुहुन्छ डा. सुमन  । उहाँ एक जल विशेषज्ञ हुनुहुन्छ जस्ले यो महत्त्वपूर्ण श्रोतको संरक्षण र व्यवस्थापन गर्न लागिरहनु भएको छ । डा. सुमन जी, तपाईंलाई स्वागत छ!

**डा. सुमन**ः धन्यवाद, रीना जी । मलाई यहाँ आउन पाउँदा खुशी लाग्यो ।

**रीना**ः विश्व समुदायले सामना गरिरहेका पानी सम्बन्धी सबैभन्दा गम्भीर चुनौतीहरू तपाईंलाई के हुन जस्तो लाग्छ?

**डा. सुमन**ः पानीको अभाव । २.२ अर्ब भन्दा बढी मानिसहरूलाई सफा पिउने पानीको अभाव छ र लगभग ४.२ अर्ब मानिसहरूसँग सुरक्षित सरसफाइको सुविधा छैन ।

**रीना**ः पानी हाम्रो वरिपरि देखिरहँदा यो त स्तब्ध पार्ने तथ्याङ्क हुन् ।

**डा. सुमन**ः हो, तर त्यो पानी मध्ये लगभग १% मात्र सुरक्षित र प्रयोगयोग्य छ । र, हामी पहिलेभन्दा बढी पानी प्रयोग गरिरहेका छौं । जलवायु परिवर्तनले हाम्रो अवस्था झनै खराब बनाउँदैछ । बाढीहरू बारम्बार आइरहेका छन्, जसले जलमार्गहरूलाई प्रदूषित गर्दछ । खडेरी पनि लामो समयसम्म चलिरहेको छ ।

**रीना**ः तपाईंको पुस्तकमा तपाईंले पानी बचत गर्न सरल कार्यहरू सुझाव दिनु भएको छ, जस्तै दाँत माझ्दा धारा बन्द गर्ने, वा नुहाउदा जम्मा गरेको पानी बोटबिरुवाहरूमा पुन: प्रयोग गर्ने । मैले यी मध्ये केही गर्न थालेको छु र पहिले भन्दा मेरो पानीको प्रयोगमा फरक देखिसकेको छु । के कुनै अन्य सुझावहरू छन्?

**डा. सुमन**ः उत्तम कार्य! खाना खेर नफालेर तपाईं आफ्नो पानीको प्रयोगलाई अझ कम गर्न सक्नुहुन्छ, किनकि खाद्य उत्पादनले लगभग **७०% उपयोग योग्य पानी** प्रयोग गर्छ । नालीमा तेल वा फोहोर नखसालेर पनि तपाईं **जलमार्गको प्रदूषण कम गर्न सक्नुहुन्छ ।** सबैभन्दा महत्त्वपूर्ण कुरा, पानीको सुरक्षा र बचत गर्ने बारेमा अरूसँग कुरा गर्नुहोस् । मानिसहरूले जति धेरै बुझ्छन्, त्यति नै उनीहरूले सहायता गर्नेछन् ।

**रीना**ः  साँच्चै उपयोगी कुरा भन्नु भयो । तपाईंको अन्य कुनै अन्तिम धारणा छन्?

**डा. सुमन**ः पानी जीवन हो । हामी सबै यसमा निर्भर छौं । घरमा नुहाउदा कम समय लिने वा अरूसँग आफ्नो ज्ञान बाँड्ने जस्ता सरल कार्यहरूले पनि ठूलो फरक पार्न सक्छ ।

**रीना**ः धन्यवाद, **डा. सुमन जी ।** र हाम्रा श्रोताहरूलाई पनि धन्यवाद । यो बहुमूल्य श्रोतको रक्षा गर्न हामी सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गरौं ।

Text 3B

**माया:** हे आरभ, के तिमीले सामाजिक सञ्जालमा आलोकका यी नयाँ पोष्टहरू देख्यौ?

**आरभ:** देखेँ, ऊ हामीसँग फुटबल खेल्दाखेरी भन्दा निकै फरक देखिन्छ!यस्तो लाग्छ कि यहाँ अव्यक्त प्रतिस्पर्धा छ: सबैजना नयाँ प्रविधिको सामानका पछि लागिरहेकाछन् , । तिमी स्क्रोल गरन, अनि मानिसहरूले गर्ने किनमेलका झोलाहरू वा महँगा उपहारहरूको देखावटी देख्नेछौ ।

**माया:** केही मानिसहरू साँच्चै फेसन वा प्रविधिको मजा लिन्छन्, र त्यो ठीकै छ। उनीहरूलाई केको चासो लाग्छ त्यही देखाउँछन्।

**आरभ:** ठिकै छ। । जब आफ्नो मूल्य आफूसँग भएका चीजहरूसँग जोडिएको महसुस हुन थाल्छ, तब केही परिवर्तन गर्न आवश्यक हुन्छ। अरूलाई पनि त्यस्तै गर्नु पर्छ भन्ने आवश्यकता महसुस गराउन भने मानिसहरू होशियार हुनुपर्दछ वा *के म पर्याप्त छु? के मैले केहि गुमाइरहेको छु* जस्ता प्रश्न गर्न।

**माया:** ठीक हो। तर मैले याद गरेको छु कि धेरै मानिसहरू यसको विरुद्ध लाग्न थालेका छन्।

**आरभ:** हो! केही विद्यालयहरूले 'ब्रान्ड रहित दिवस' आयोजना गरिरहेका छन्। यो सानो कुरा जस्तो सुनिन्छ, तर यसले मद्दत गर्छ।

**माया:** यदि मानिसहरूले आफ्नो प्रतिभा वा दयालु चुनौतीहरू जस्ता कुराहरूको बारेमा पोष्ट गरे भने म त उनीहरूको बढी प्रशंसा गर्नेछु। म फेसन-योग्य देखिनु भन्दा दयालु भएर चिनिन चाहन्छु।

**आरभ:** हो, म तिम्रो लुगाको रुचिको लागि तिमीसँग साथी भएको पक्कै होइन!

**माया:** हसाउँछौ ! र यो ग्रहको लागि पनि खराब छ। विश्वव्यापी वार्षिक कार्बन उत्सर्जनमा द्रुत फेसन १०% को लागि जिम्मेवार छ भनेर मैले पढेको छु। दोस्रो-हाते लुगाहरूको प्रयगले वास्तवमै ठूलो फरक पार्न सक्छ।

**आरभ:** सहि हो। शायद हामी मिलेर आकर्षक दोस्रो-हाते फेसनहरू पोष्ट गर्न सुरु गर्नुपर्ल